एउटा अपाटमन्टका विवरण लुकाएका आराप आरापका वधता अस्वाकार गदछु, मसग मरा नादएका बकरल बताएका छन्।

# लालबन्दी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**लालबन्दी, सर्लाही, प्रदेश नं. २, नेपाल**

# बजार ठेक्कासँग सम्बन्धित सूचना ।

**प्रकाशन मिति : २०७७/०६/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४, लालबन्दी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ र लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७७ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८ का लागि ठेक्का बन्दोवस्त गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्महरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फाराम यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ३०( तिस)औं दिनको कार्यालय समय भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्रहरू ३१(एकतिस)औं" दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन मिति २०७७/०६/१२ गतेको निर्णय अनुसार सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. १३ | गोरू बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | ४५,००,०००।- | ३०००।- | |

**शर्तहरू**

१. ठेक्का अवधि आ.ब.२०७७/०७८ को बाँकी अवधी देखि २०७८ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कबोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा, सर्लाही स्थित **धरौटी खाता नम्बर १२८०१००३०३००००००२** मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सबै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले ब्यहोर्नुपर्ने छ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ३(तिन) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरिनेछ र पट्टा उपलब्ध गराइनेछ । बोलपत्र दाताले कार्यसम्पादन जमानतको म्याद भित्र यस कार्यालयको खातामा जमानत बराबरको रकम दाखिला गरिसक्नु पर्नेछ । कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून बमोजिम कार्वाही गरिनेछ ।

६. जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि बोल पत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

७. माथि उल्लेख भएको ठेक्काहरू मध्ये सबै वा छुट्टा छुट्टै रूपमा बोलपत्र/प्रस्ताव पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको बोलपत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र फारम लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी र १ र २ नं. वडा कार्यालय, नेत्रगंजबाट माथि उल्लेखित समयमा खरिद गरी दर्ता गराउन सकिनेछ र दर्ता गर्ने अन्तिम दिनको ०२:००बजे बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्र फारम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन ।

९. बोलपत्र ठेक्का सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**